बैठकः जिल्ला विपद् व्यवस्थापन समिति
मितिः २०८२/०२/२२
(ने.सं. ११४५ तछलाथ्व १० विहिबार)
स्थानः जिल्ला प्रशासन कार्यालयको सभाहल
समयः दिनको ११:०० बजे

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रामेछाप

निर्णयहरु:

१. यसअघि जिल्ला विपद् व्यवस्थापन समितिबाट भएका निर्णयहरुको कार्यान्वयन तथा हालसम्म भएका विपद्जन्य घटना, घटनाको प्रकृति, राहत र उद्धारको अवस्था तथा विपद् व्यवस्थापनमा सरोकारवालाको भूमिकालगायतका सम्बन्धमा समीक्षा गरियो ।

२. ***मनसुन पूर्व तयारी तथा प्रतिकार्य जिल्ला कार्ययोजना, २०८१*** लाई छलफल गरी आवश्यक परिमार्जन र अध्यावधिकसहित ***मनसुन पूर्व तयारी तथा प्रतिकार्य जिल्ला कार्ययोजना, २०८२*** स्वीकृत गरी कार्यान्वयन गर्ने ।

३. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार, काठमाडौंको च.नं. १७६८, मिति २०८२/०२/१६ को पत्रबाट लेखी आएबमोजिम मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ कार्यान्वयन गर्ने।

४. यस वर्षको मनसुन सुरु भईसकेकाले मनसुनजन्य विपद्लाई मध्यनजर गर्दै सडक, स्वास्थ्य, खानेपानी, विद्युत, सञ्चारसँग सम्बन्धी विषयगत कार्यालयहरुले जिल्लाको भौगोलिक अवस्थालाई विश्लेषण गरी तयारी अवस्थामा रहने ।

५. खाद्यान्न आपूर्तिका सम्बन्धमा रामेछाप उद्योग बाणिज्य सघंले मनसुन अवधिभर दैनिक उपभोग्य सामग्रीहरुको प्रयाप्त मात्रामा समयमा नै भण्डार गर्ने व्यवस्था मिलाउने।

६. नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा रामेछाप र अन्तर्गतका उपकेन्द्रहरुमा रहेका विपद् प्रतिकार्यमा खटिन सक्ने तालिम प्राप्त र अन्य जनशक्ति तयारी अवस्थामा राख्ने ।

७. मन्थली नगरपालिका, नगरकार्यपालिकाको कार्यालयको च.नं. ३५२५, मिति २०८२/०२/१६ को प्राप्त पत्रानुसार सोही नगरपालिका वडा नं. १ स्थित रणजोरखोलाको पक्की पुलदेखि दोभानसम्म र सुकाजोरखोलाको दोभानदेखि तामाकोशी नदीको खेलमैदानसम्मको गेगर तथा नदीजन्य पदार्थ उत्खन्न नगरेमा बस्ती, खेतीयोग्य जमिन, खेलमैदान, खानेपानी र सिंचाई लगायतका संरचनाहरुमा जोखिम रहेको भनी उत्खन्नको लागि जिल्ला विपद् व्यवस्थापन समितिमा आवश्यक निर्णयको लागि अनुरोध भएकोमा यस सम्बन्धमा जिल्ला प्रशासन कार्यालयको मिति २०८२/०२/१६ को निर्णयानुसार जिल्ला समन्वय समितिका इन्जिनियर संयोजक, सम्बन्धित नगरपालिकाको इन्जिनियर सदस्य र सोही नगरपालिकाको कानून अधिकृत सदस्य सचिव रहने गरी गठीत समितिलाई स्थलगत निरीक्षण गरी प्रतिवेदन पेश गर्न भनिएकोमा उक्त समितिले उल्लिखित क्षेत्रको नदीजन्य पदार्थहरु तत्काल उत्खन्न नगरेमा जोखिम रहेको भनी प्रतिवेदन पेश गरेकाले प्रचलित कानूनको अधिनमा रहि प्रतिवेदनमा उल्लिखित शर्त तथा सुझाव पालना गरी सम्बन्धित पालिकालाई उक्त नदीजन्य पदार्थ उत्खन्न गरी व्यवस्थापन गर्न स्वीकृत दिने।

८. जिल्लास्थित सम्पूर्ण कार्यालयका प्रमुखहरुले मनसुन अवधिभर जिल्ला नछोड्ने र कार्यालयका सवारी साधन तथा Heavy equipement लगायत साधन तयारी अवस्थामा राख्ने।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रामेछाप

९. गत बर्ष २०८१ असोज १० देखि १२ गतेसम्म परेको अविरल बर्षा पछि आएको बाढीपहिरोबाट पूर्ण रुपमा क्षति भई बस्न नमिल्ने भएका निजी आवासका घरपरिवारदलाई अस्थायी आवास निर्माणको सम्बन्धमा स्थानीय तहहरुबाट विपद्‌बाट **प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान मापदण्ड २०८१** बमोजिम लाभग्राही कायम भएका घरपरिवारको अस्थायी आवास निर्माणका लागि प्रथम किस्ता वापतको रकम निकासा भईसकेकोमा दोरम्बा शैलुङ गाउँपालिकाको जिल्ला प्रशासन कार्यालयबाट स्थलगत निरीक्षण गरी अस्थायी आवास निर्माण गर्नुपर्ने घरपरिवारको लागि रकम निकासा दिने र सोही पालिकाबाट लाभग्राही भएका तर स्थलगत निरीक्षणमा कैफियत देखिएको हकमा सम्बन्धित वडा र पालिका मार्फत थप पुष्टयाई सहितका निर्णय तथा कागजातहरु माग गर्ने साथै अन्य स्थानीय तहको हकमा लाभग्राही कायम भएका घरपरिवारलाई स्वयम् स्थानीय तह नै जिम्मेवार हुने गरी प्रचलित मापदण्डको अधिनमा रही वितरण गर्न पहिलो किस्ता वापतको स्थानीय तहलाई निकासा दिने ।

१०. मिति २०८१/०५/०८ गते दोरम्बा शैलुङ गाउँपालिका वडा नं. ३ मा पहिरोबाट वेपत्ता भएका घरपरिवारलाई उपलब्ध गराईएको रु. ३,००,०००/-(तीन लाख) अनुमोदन गर्ने ।

११. मनसुनजन्य विपद्‌बाट जिल्लाका मुख्य तथा सहायक सडकमार्गहरु अवरोध हुन सक्ने हुँदा तत्काल अवरोध हटाउन आवश्यक उपकरणहरु (स्काभेटर, जेसिवी, टिफर, ट्याक्टर लगायत) स्थानीय तह, सडक डिभिजन कार्यालय, पूर्वाधार विकास कार्यालयले तयारी अवस्थामा राख्ने। साथै स्थानीय तहमा विकास निर्माणका कार्य गर्ने निर्माण व्यवसायीलगायतसँग भएका उपकरणहरुसमेत प्रयोग गर्न सकिने गरी स्थानीय तह र सडक डिभिजन कार्यालयले विवरण संकलन गरी जिल्ला विपद् व्यवस्थापन समितिमा तत्काल पठाउने।

१२. नेपाल रेडक्रस सोसाईटीबाट विपदजन्य घटनाबाट प्रभावितहरुका लागि तत्काल वितरण गर्ने राहतका सामग्रीहरु कम्तीमा ३०० (तीन सय) घरपरिवारको लागि व्यवस्था गर्ने।

१३. विपद् उद्दार तथा प्रतिकार्य योजना कार्यान्वयन गर्न आवश्यक पर्ने सामग्रीहरु संकलनका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने।

१४. स्थानीय तहमा विपद् व्यवस्थापन शीर्षकमा छुट्याइएको बजेटबाट सुरक्षा निकायलाई आवश्यक पर्ने विपद् उद्दार सामग्री खरिदका लागि अनुरोध गर्ने।

१५. सिवालय, देउराली र रामेछापमा रहेका नेपाल टेलिकमका रिपिटर टावरमा व्यकअपको व्यवस्था नेपाल टेलिकम जिल्ला कार्यालयले तत्काल गर्ने।

१६. पानीजन्य विपद् उद्दारमा प्रयोग हुने ऱ्याफ्टबोर्ड (Raft Boat) लाईफ बोर्ड लगायतका सामग्री व्यवस्था गर्न मन्थली नगरपालिका, रामेछाप नगरपालिका र खाँडादेवी गाउँपालिकालाई अनुरोध गर्ने।

१७. ऱ्याप्लीङ्ग र क्लाईम्विङ्ग (Rappling and ~~Clambing~~ Climbing) मा प्रयोग हुने Static and Dynamic Rope, कन्ट्राबिनर, ह्यार्नेस, पुली लगायतका सामग्रीहरु व्यवस्थाका लागि उमाकुण्ड, गोकुलगंगा, लिखु तामाकोशी, सुनापति, दोरम्बा शैलुङ गाउँपालिकालाई अनुरोध गर्ने।

१८. मन्थली नगरपालिका वडा नं. १ स्थित रणजोर खोलाको भैसेश्वरस्थित पक्की पुलको आसपास बनेका संरचना र भटौली खोलाको पुल आसपासमा निर्माण भएका संरचनाहरुको बारेमा जिल्ला विपद् व्यवस्थापन समितिबाट स्थलगत रुपमा अनुगमन गरी आवश्यक निर्णय गर्ने।